
नेपाल प्रहरी

# नेपाल प्रहरी पोलिग्राफ निर्देशिका, २०७०

## (Nepal Police Polygraph Directives, 2014)




प्रहरी प्रधान कार्यालय

नक्साल, काठमाडौं

माघ, २०७०

# नेपाल प्रहरी पोलिग्राफ निर्देशिका, २०७०

## (Nepal Police Polygraph Directives)

कार्यान्वयन हेतु स्वीकृत

२०७० माघ २२

प्रहरी प्रधान कार्यालय

नक्साल, काठमाडौं

माघ, २०७०

Dipak: 2070.10.22

नेपाल सरकार
गृह मन्त्रालय

# प्रहरी प्रधान कार्यालय

( प्रहरी महानिरीक्षकको सचिवालय )

फोन नं. ४११७०५, ४१००८८, ४११६५९, ४११२१०
पो.ब.नं. ४०७
नक्साल
काठमाण्डौं, नेपाल ।
www.nepalpolice.gov.np
E-mail: phqigs@nepalpolice.gov.np
phqigscpr@nepalpolice.gov.np

टेलिग्राम "नेप्पोल"

पत्र संख्या :- १.०१.०१.०८ (२०७०/०७१) च.नं. ६६७

प्रा.प.सं.:-

मिति:- २०७०/१०/२३ गते

**विषय : स्वीकृती प्रदान गरिएको ।**

श्री प्रहरी प्रधान कार्यालय,
अपराध अनुसन्धान विभाग, नक्साल ।

तहाँ विभागको च.नं. ७८४ मिति २०७०।१०।२२ गतेको पत्रसाथ प्राप्त भएको नेपाल प्रहरी पोलिग्राफ निर्देशिका, २०७० संगठन प्रमुख श्रीमान् प्रहरी महानिरीक्षक उपेन्द्रकान्त अर्यालज्यू समक्ष पेश भई कार्यान्वयन हेतु स्वीकृती प्रदान भएको हुँदा उक्त निर्देशिका कार्यान्वयन गर्न गराउन हुन यसै पत्रसाथ संलग्न पठाईएको व्यहोरा निर्देशानुसार अनुरोध गरिएको छ ।

प्रहरी उपरीक्षक
(ठाकुर प्रसाद ज्ञवाली)

Dipak: 2070.10.22

# नेपाल प्रहरी पोलिग्राफ निर्देशिका, २०७०

## (Nepal Police Polygraph Directives)

प्रहरी प्रधान कार्यालय

नक्साल, काठमाडौं

माघ, २०७०

**बिषयसूची**

Dipak: 2070.10.22

| | पेज नं. |
|---|---|
| १. परिचय | १ |
| २. निर्देशिकाको नाम र लागु मिति | १ |
| ३. परिभाषा | १ |
| ४. पोलिग्राफ परिक्षण गर्ने अधिकार | १ |
| ५. गुण नियन्त्रक | २ |
| ६. पोलिग्राफको प्रयोग | २ |
| ७. पोलिग्राफ परिक्षण कार्यविधि | २ |
| • स्वीकृती तथा समन्वय | २ |
| • व्यक्तिको स्वीकृती | ३ |
| • परामर्श गर्ने तथा सूचना उपलब्ध गराउने | ३ |
| • विधिको प्रयोग | ४ |
| • गुण नियन्त्रकको सल्लाह लिने र पेश गर्ने | ४ |
| • प्रतिवेदन | ४ |
| • परिक्षण तथ्यांक संरक्षण (Test Data Protection) | ५ |
| • पोलिग्राफ सामाग्रीको संरक्षण | ५ |
| ८. परिक्षक सम्बन्धी थप व्यवस्था | ६ |
| ९. संशोधन तथा खारेजी | ६ |
| अनूसूची | |

## १. परिचय

नवितम् प्रविधि र प्रणालीलाई प्रयोग गरी अपराध अनुसन्धानलाई परिणाममुखी बनाउने र अपराध अनुसन्धानमा नेपाल प्रहरीको क्षमता अभिवृद्धि गर्ने प्रयास स्वरुप नेपाल प्रहरीले प्रयोगमा ल्याएको "**पोलिग्राफ प्रणाली**" को सञ्चालन, नियमन र व्यवस्थापन गर्ने प्रयोजनार्थ फौजदारी न्यायको हक र गोपनीयताको हक (Right to Privacy) को सम्मान गर्दै प्रहरी नियमावली, २०४९ को नियम १६१ (क-ग) को अधिनमा रही प्रहरी प्रधान कार्यलाय, प्रहरी महानिरीक्षकबाट यो निर्देशिका जारी गरिएको छ ।

## २. निर्देशिकाको नाम र लागु मिति

यस निर्देशिकाको नाम **" नेपाल प्रहरी पोलिग्राफ निर्देशिका, २०७०" (Nepal Police Polygraph Directives, 2014)** रहनेछ । यो निर्देशिका मिति २०७०।१०।२२ गतेबाट लागु हुनेछ ।

## ३. परिभाषा

विषय वा प्रशंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा

क) "निर्देशिका" भन्नाले पोलिग्राफ निर्देशिका, २०७० लाई बुझाउँछ,

ख) "विभाग" भन्नाले अपराध अनुसन्धान विभागलाई बुझाउँछ,

ग) "शाखा" भन्नाले प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभाग मातहत रहेको केन्द्रिय पोलिग्राफ शाखालाई बुझाउँछ,

घ) "परिक्षक" भन्नाले निर्देशन नं. ४ अनुसार अधिकार प्राप्त पोलिग्राफ परिक्षकलाई बुझाउँछ ।

## ४. पोलिग्राफ परिक्षण गर्ने अधिकार

मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा ४०० घण्टाको आधारभुत पोलिग्राफ तालीम पुरा गरेका तथा पोलिग्राफ शाखाले लिखित अनुमती प्रदान गरेका पोलिग्राफ परिक्षक (Polygraph Examiner) लाई मात्र नेपाल प्रहरीमा पोलिग्राफ परिक्षण गर्ने अधिकार हुनेछ । शाखाको अनुमती प्रत्येक बर्ष नविकरण गर्नुपर्नेछ। अनाधिकृत कर्मचारी वा शाखाको अनुमती नलिई वा नविकरण नगरी पोलिग्राफ परिक्षण गर्ने कर्मचारीलाई विभागीय कारवाही गर्न सकिनेछ ।

तर आवश्यकता अनुसार गुण नियन्त्रक (Quality Controller) को रुपमा कुनै विशेषज्ञको सेवा लिनलाई यस प्रावधानले बाधा पुर्याउने छैन ।

## ५. गुण नियन्त्रक

नेपाल प्रहरीमा हुने पोलिग्राफ परिक्षणको गुणस्तर नियन्त्रणको लागि बिभागबाट गुण नियन्त्रक (Quality Controller) तोकिनेछ ।

## ६. पोलिग्राफको प्रयोग

नेपाल प्रहरीमा पोलिग्राफलाई निम्न क्षेत्रमा प्रयोग गर्न सकिनेछ ।

क) **अपराध अनुसन्धानः** नेपाल प्रहरीका कुनै इकाईले अनुसन्धान गरिरहेको कुनै पनि अपराध वा अन्य निकायबाट अनुरोध भई विभागबाट स्वीकृत प्राप्त अपराधका सम्बन्धमा अभियुक्त, साक्षी वा अन्य कुनै व्यक्ति उपर पोलिग्राफ परिक्षण गर्न सकिनेछ ।

ख) **आन्तरिक कारवाही तथा अनुसन्धानः** कुनै प्रहरी कर्मचारी उपर भैरहेको विभागीय अनुसन्धानमा सम्बन्धित इकाईले अनुरोध गरेको अवस्थामा वा कर्मचारी स्वंयमले पोलिग्राफ परिक्षण गराईपाउँ भनि निवेदन गरि विभागबाट स्वीकृत भएको अवस्थामा कुनै पनि प्रहरी कर्मचारी उपर पोलिग्राफ परिक्षण गर्न सकिनेछ ।

ग) **अन्तरइकाई सरुवा तथा जिम्मेवारी प्रदानः** नेपाल प्रहरीका सम्वेदनशिल इकाईहरुमा प्रहरी कर्मचारी सरुवा वा अह्रन-खटन गर्दा वा कुनै कर्मचारीलाई कुनै खास जिम्मेवारी प्रदान गर्दा तोकिएको मापदण्ड परिक्षण गर्ने प्रयोजनको लागि पोलिग्राफ परिक्षण गर्न सकिनेछ ।

घ) **भर्ना छनौटः** नेपाल प्रहरीको तोकिएको कुनै पदमा कर्मचारी स्थायी, अस्थायी वा करारमा भर्ना छनौट गर्दा तोकिएको मापदण्ड परिक्षण गर्ने प्रयोजनको लागि पोलिग्राफ परिक्षण गर्न सकिनेछ।

## ७. पोलिग्राफ परिक्षण कार्यविधि

पोलिग्राफ परिक्षणमा देहायको कार्यविधि अपनाउनु पर्नेछ ।

## ७.१ स्वीकृती तथा समन्वय

क) हाल परिक्षक खटिएका प्रहरी इकाईहरु (अपराध अनुसन्धान विभाग, केन्द्रिय अनुसन्धान ब्यूरो, विशेष ब्यूरो, महानगरीय प्रहरी आयुक्तको कार्यालय तथा लागुऔषध नियन्त्रण ब्यूरो) मा जघन्य अपराध (व्यक्ति हत्या, ज.ज.क., अपहरण तथा शरिर बन्धक, हातहतियार सहितको डकैती,

मान वेचविखन, लागुऔषध, तथा संगठित अपराध आदि) को अनुसन्धानमा सोही कार्यालय प्रमुखको स्वीकृतीमा र अन्य अपराधहरुको सम्बन्धमा विभाग प्रमुखको स्वीकृतीमा नेपाल प्रहरीका कुनै पनि परिक्षकले पोलिग्राफ परिक्षण गर्न सक्नेछन् ।

ख) उल्लेखित “क” का इकाईहरु बाहेक अन्य कुनै प्रहरी इकाईहरुबाट भएको अपराध अनुसन्धानको सिलसिलामा पोलिग्राफ परिक्षण गर्नु परेमा बिभागमा रहेको शाखा मार्फत समन्वय हुनेछ।

ग) कुनै पनि परिक्षकले नेपाल प्रहरीको कुनै पनि इकाई वा स्थानमा पोलिग्राफ परिक्षण गर्न सक्नेछ। तर आफू खटिएको इकाई बाहेक अन्यत्र गई पोलिग्राफ परिक्षण गर्दा शाखालाई जानकारी गराउनु पर्नेछ ।

घ) निर्देशन ६(क), ६(ख) र ६(ग) को हकमा शाखा मार्फत समन्वय हुनेछ ।

ङ) नेपाल प्रहरी बाहेक कुनै बाह्य सरकारी वा नीजि निकायहरुबाट पोलिग्राफ परीक्षण गर्न सकिने कुनै अवस्थामा पोलिग्राफ परीक्षण गरिदिन अनुरोध भईआएमा विभाग प्रमुखको सिफारीशमा प्रहरी महानिरीक्षकबाट स्वीकृती प्रदान भएको अवस्थामा पोलिग्राफ परीक्षण गर्न सकिनेछ ।

## ७.२ व्यक्तिको स्वीकृती

क) कुनै पनि व्यक्तिलाई पोलिग्राफ परिक्षण गर्नुपूर्व अनुसूची १ बमोजिमको ढाँचामा निजको लिखित स्वीकृती लिईने छ । लिखित स्वीकृती नभई कोहि कसै उपर पोलिग्राफ परिक्षण गरिने छैन ।

ख) लिखित स्वीकृती दस्तावेज परिक्षक खटिएको इकाईमा निर्देशन ७.७(घ) बमोजिम सुरक्षित रहनेछ ।

## ७.३ परामर्श गर्ने तथा सूचना उपलब्ध गराउने

क) कुनै पनि पोलिग्राफ परिक्षण गर्नु पुर्व परिक्षकले सम्बन्धित कार्यालय प्रमुख, अनुसन्धान अधिकृत वा अन्य जिम्मेवार प्रहरी अधिकृतसँग परामर्श गर्नसक्नेछ ।

ख) कुनै पनि पोलिग्राफ परिक्षण गर्नु पूर्व सो सँग सम्बन्धित मिसिल, केश फाईल, सूचना, प्रमाण वा भौतिक सबूद भएमा त्यसको जानकारी सम्बन्धित अनुसन्धान अधिकृत वा प्रहरी अधिकारीले पोलिग्राफ परिक्षकलाई उपलब्ध गराउनुपर्नेछ ।

ग) परिक्षकबाट माग भएको पोलिग्राफ परिक्षण गर्न आवश्यक पर्ने थप सूचना सम्बन्धित अनुसन्धान अधिकृत वा प्रहरी अधिकारीले उपलब्ध गराउनुपर्नेछ ।

## ७.४ विधिको प्रयोग

क) परिक्षकले कुनै पनि पोलिग्राफ परिक्षण गर्दा Standardized Polygraph Method को प्रयोग गर्नुपर्नेछ ।

ख) विधिको प्रयोग, परिक्षण फर्मेट, कटस्कोर आदिको विषयमा निर्देशिकाको अधिनमा रहि शाखाबाट समय समयमा फेरबदल वा अन्य कुनै निर्देशन हुन सक्नेछ ।

ग) निर्देशन निर्देशन ६(क), ६(ख) र ६(ग) को हकमा परिक्षण गरिने समय, विधि, प्रश्नहरु, कटस्कोर, आदिका विषयमा शाखाबाट तय भएअनुसार हुनेछ ।

## ७.५ गुण नियन्त्रकको सल्लाह लिने र पेश गर्ने

क) कुनै पनि परिक्षण गर्नु पूर्व परिक्षकले शाखाबाट तोकिएको गुण नियन्त्रण (Quality Controller) सँग सल्लाह लिनु पर्नेछ ।

ख) प्रत्येक परिक्षण पश्चात परिक्षकले शाखाबाट प्रतिवेदन पेश गर्नु अगाडि तोकिएको गुण नियन्त्रणबाट गुणस्तर परिक्षण गराउनु पर्नेछ ।

## ७.६ प्रतिवेदन

क) परिक्षकले परिक्षण गरेको कुनै पनि पोलिग्राफ परिक्षणमा शाखाले तोकेको फर्मेटमा प्रतिवेदन तयार गर्नुपर्नेछ ।

ख) परिक्षकले ६(क) बमोजिम गरेको परिक्षणको प्रतिवेदनको एक प्रति अनुसन्धान अधिकृत वा सम्बन्धित कार्यालय प्रमुख वा मिसिल कुनै एकमा पेश/समावेश गर्नुपर्नेछ ।

ग) निर्देशन ६(क), ६(ख) र ६(ग) बमोजिम गरिएको परिक्षणको प्रतिवेदन शाखाबाट तोकिएको व्यक्ति वा इकाईमा बुझाउनुपर्नेछ ।

घ) सबै प्रतिवेदनको डिजिटल प्रति सम्बन्धित परिक्षक खटिएको इकाईमा निर्देशन ७.७(घ) बमोजिम सुरक्षित राख्नुपर्नेछ ।

ङ) परिक्षक तथा प्रतिवेदन प्राप्त गर्ने व्यक्ति वा इकाईले प्रतिवेदनको गोपनीयता राख्नुपर्नेछ ।

## ७.७ परिक्षण तथ्यांक संरक्षण (Test Data Protection)

क) प्रत्येक परिक्षकले आफ्नो परिक्षणको दर्ता किताब (Log Book) खडा गरि राख्नु पर्नेछ ।

ख) प्रत्येक परिक्षकले मासिक रुपमा पोलिग्राफ शाखामा रहेको नेपाल प्रहरीको केन्द्रिय पोलिग्राफ दर्ता किताब (Polygraph Central Log Book) मा आफ्नो परिक्षणको अनिवार्य दर्ता गराउनुपर्नेछ।

ग) परिक्षकको दर्ता किताब तथा केन्द्रिय पोलिग्राफ दर्ता किताब गोप्य रहनेछ ।

घ) परिक्षकले सञ्चालन गर्ने सम्पूर्ण परिक्षणको परिक्षण तथ्यांक (Recording, Charts, Personal information, result, consent & Release record, result report) कम्तिमा महिनाको १ पटक hard drive मा achive गरि सम्बन्धित खटिएको पोलिग्राफ शाखामा कम्तिमा १० बर्ष राख्नुपर्नेछ।

ङ) आफुले सञ्चालन गरेको पोलिग्राफ परिक्षणको परिक्षण तथ्यांक सुरक्षित राख्नु परिक्षकको जिम्मेवारी हुनेछ ।

च) परिक्षण तथ्यांक, प्रतिवेदन, दर्ता किताब वा पोलिग्राफका अन्य दस्तावेजमा परिक्षक तथा शाखाबाट तोकिएको अधिकृतको बाहेक अन्य व्यक्तिको पहुँच वा नियन्त्रण हुने छैन । कोहि प्रहरी कर्मचारीले परिक्षण तथ्यांक वा प्रतिवेदन अनाधिकृत रुपमा प्राप्त वा दुरुपयोग गरेमा प्रहरी नियमावली बमोजिम विभागीय कारवाही हुनेछ । यो तथ्यांकलाई सरकारी दस्तावेजको रुपमा लिईनेछ ।

## ७.८ पोलिग्राफ सामाग्रीको संरक्षण

क) पोलिग्राफ शाखाले नेपाल प्रहरीका पोलिग्राफ सामाग्री (ल्यापटप, पोलिग्राफ सेन्सरहरु, केमिकल आदि) हरुलाई परिक्षकको जिम्मामा वितरण गर्नेछ।

ख) परिक्षकको जिम्मामा रहेका पोलिग्राफ सामाग्रीहरुको संरक्षण गर्नु परिक्षकको कर्तव्य हुनेछ ।

ग) आफ्नो जिम्मामा रहेका पोलिग्राफ सामाग्री अधिकार प्राप्त अर्को परिक्षकलाई बाहेक अन्यलाई दिनुहुदैन।

घ) आफ्नो जिम्मा रहेका पोलिग्राफ सामाग्रीहरु बिग्रिएमा, काम नलाग्ने भएमा वा टुटफुट भएमा सो को जानकारी तुरुन्त पोलिग्राफ शाखालाई गराउनुपर्नेछ ।

ङ) आफ्नो जिम्मामा रहेका पोलिग्राफ सामाग्रीहरु बिग्रिएमा, काम नलाग्ने भएमा वा टुटफुट भएमा सो को मनासिव कारण लिखित रुपमा पोलिग्राफ शाखामा पेश गर्नुपर्नेछ । सो उपर आवश्यक छानविन गरी पोलिग्राफ शाखाले आवश्यक निर्यणार्थ विभागमा पेश गर्ने छ । परिक्षकको

व्यक्तिगत लापरबाही, अवस्था आदिको आधारमा पोलिग्राफ सामाग्रीहरु बिग्रिएमा, काम नलाग्ने भएमा वा टुटफुट भएको प्रमाणित भएमा विभागबाट आवश्यक निर्णय गरिनेछ ।

## ८. परिक्षक सम्बन्धी थप व्यवस्था

क) पोलिग्राफ परिक्षकहरु सामान्यतः सादा भद्र पोशाकमा रहनेछन् ।

ख) नेपाल प्रहरीमा कार्यरत प्रहरी अधिकृतहरुलाई पोलिग्राफ सम्बन्धी आधारभुत तथा उनन्त तालीम प्रदान गरिनेछ ।

ग) आधारभूत तालीम प्राप्त गरि पोलिग्राफमा कार्यरत प्रहरी अधिकृतहरुलाई मात्र यसको उनन्त तालीम, पोलिग्राफ सम्बन्धी सेमिनार, भ्रमण आदिमा समावेश गराईने छ ।

घ) अन्तराष्ट्रिय मापदण्ड र मान्यता अनुरुप परिक्षकहरुले लिनुपर्ने उन्नत तालीम तथा उच्च शिक्षा र सेमिनार आदिमा गर्नुपर्ने सहभागिताको यथोचित व्यवस्था नेपाल प्रहरीले गर्नेछ ।

ङ) अन्तरराष्ट्रिय मापदण्ड र मान्यता अनुरुपको व्यवसायीक सस्थाको सदस्यताको लागि बार्षिक रुपमा तिर्नुपर्ने सदस्यता शुःल्कबापतको रकम नेपाल प्रहरीबाट उपलब्ध गराईनेछ ।

च) पोलिग्राफ परिक्षकको रुपमा काम गरेका प्रहरी अधिकृतहरुकाई वृति विकासको नियमित प्रकृया, अत्यावश्यक सरुवा, अन्य महत्वपूर्ण जिम्मेवारी प्रदान वा तालीम आदिबाट बञ्चित गराईने छैन ।

## ९. संशोधन तथा खारेजी

आवश्यकता अनुसार जारी गर्ने अधिकारीले निर्देशिका संशोधन वा खारेज गर्न सक्नेछन् ।

# पोलिग्राफ परिक्षण स्वीकृती फारम

म ................................................................ ......................................................... को नाती .......................................................................................... को छोरा/छोरी/पत्नी ........................................................................................................ ठेगाना भएको ना.प्र.नं. ................................... ले तल उल्लेख गरिएको कुराहरुलाई राम्ररी बुझेको छु र .......................... अनुसन्धानको क्रममा मेरो पोलिग्राफ परीक्षण गर्नका लागि पूर्ण सहमती दिएको छु।

**निम्नलिखित कुराहरुलाई मैले राम्ररी बुझेको छुः-**

१. पोलिग्राफ परिक्षण केवल शरिरमा हुने जैविक प्रतिकृयाहरुलाई अभिलिखित गर्ने प्रणाली हो र यसको प्रयोग गर्दा शरिरमा त्यस्ता जैविक प्रतिकृया बुझने सेन्सरहरुको मात्र प्रयोग हुन्छ र कुनै प्रकारको औषधि आदिको प्रयोग मेरो शरिरमा गरिने होइन । यसको कुनै हानिकारक शारिरिक असर हुदैन भन्ने कुरा मैले बुझेको छु।

२. मैले मेरो परिक्षण गर्नका लागि पुर्ण सहमती दिएको छु । यो परिक्षण गर्नु पुर्व कानून व्यवसायीसँग परामर्श गर्न पाउने मेरो अधिकार भएको कुराको मलाई जानकारी छ । तदनुरुप मैले परामर्श लिएको छु र लिन स्वतन्त्र थिएँ। वा आवश्यक नठानेकोले परामर्श लिएको छैन।

३. मैले यो सहमती दिएको मितिले ७ दिनभित्र एक वा एक भन्दा बढी बैठकमा मेरो पोलिग्राफ परिक्षण भै सक्नु पर्नेछ । तत्पश्चात यो सहमती स्वतः निष्कृय हुनेछ ।

४. परिक्षणको क्रममा मेरो शारिरिमा आवश्यक सेन्सरहरुको प्रयोग गर्न साथै अडियो तथा भिडियो रेकर्डिग गर्नमा र त्यसको अनुसन्धानमा प्रयोग गर्न समेत मेरो पुर्ण समहती छ ।

५. म पोलिग्राफ परिक्षणका लागि शारिरिक मानसिक रुपमा पुर्ण स्वस्थ छु । मैले पुर्ण सचेत छु र आफुले भनेको र गरेको कुरा बुझन सक्ने अवस्थामा यो सहमती पत्रमा हस्ताक्षर गरेको छु ।

६. म कुनै सार्वजनिक अधिकारीको धम्की वा आश्वसनको आधारमा यो परिक्षणको लागि सहमत भएको होइन।

| **स्वीकृती प्रदान गर्ने** | **पोलिग्राफ परिक्षक** |
|---|---|
| नाम....................................... | नाम............................................ |
| हस्ताक्षर.................................. | हस्ताक्षर...................................... |
| मिति....................................... | मिति............................................ |

**साक्षी (वैकल्पिक)**

नाम...........................................हस्ताक्षर............................मिति...............................

Dipak: 2070.10.22

Dipak: 2070.10.22